स्थानीय सरकार
# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
सम्पर्क नं. ०८८-५९४००५ ९८६०८९०५७४

## चिस्यान केन्द्र (कोल्ड स्टोर) को सञ्चालन तथा व्यवस्थापन बहालमा दिने सम्बन्धी सूचना !!

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०५/०२

यस आठविसकोट नगरपालिकाको चिस्यान केन्द्र (कोल्ड स्टोर) सञ्चालन गर्ने कार्यका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुने गरी १० मेट्रिक टन क्षमताको तापीय उर्जा संचय र सौर्य ऊर्जा संयुक्त प्रविधि युक्त चिस्यान केन्द्र (कोल्ड स्टोर) को सञ्चालन तथा व्यवस्थापन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र आठविसकोट नगरपालिका, रुकुम पश्चिमको चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८३ बमोजिम प्रतिस्पर्धात्मक रूपमा आयको बोलपत्र पेश गर्ने सम्बन्धी सूचना।

**तपशिल**

| क्र.सं. | विवरण | एक वर्षको न्यूनतम मूल्य भ्याट बाहेक | धरौटी राख्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १० मेट्रिक टन क्षमताको तापीय उर्जा संचय र सौर्य ऊर्जा संयुक्त प्रविधि युक्त चिस्यान केन्द्र (कोल्ड स्टोर) को सञ्चालन तथा व्यवस्थापन | रु. ६०,०००/- | रु. ६,०००/- | बोलपत्र खरिद रु. १,०००/- फिर्ता नहुने गरी |

- उल्लेखित सञ्चालन तथा व्यवस्थापन व्यवस्थापन खुला प्रतिस्पर्धात्मक रूपमा कृषि सहकारी, कृषक समूह, निजी फर्म,कम्पनी,सप्लायर्स वा व्यक्तिले प्रस्ताव पेश गर्न पाउनेछन्। यसरी प्रस्ताव पेश गर्नेले अर्को संस्था, व्यवसायी, फर्म वा व्यक्तिलाई कुनै पनि तरिकाले भाडामा लगाउन नपाउने।
- बोलपत्र कार्यालयमा वा कार्यालयको E-mail: aathbiskotmun073@gmail.com मा पेश गर्न सकिनेछ र सो सम्बन्धी विस्तृत जानकारी आठविसकोट नगरपालिकाको वेबसाइट www.aathbiskotmun.gov.np बाट लिन सकिनेछ।
- धरौटी रकम रु. ६,०००(अक्षेरूपी छ हजार) यस कार्यालयको प्रभु बैंक आठविसकोट शाखामा रहेको धरौटी खातामा खाता नं. [२६०७०८९८१५००००४८] मा नगद जम्मा वा कम्तिमा ७५ + ३० दिन समयावधिको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्नेछ।
- बोलपत्र खरिद रकम रु. १,००० (अक्षेरूपी एक हजार रुपैयाँ मात्र) आठविसकोट नगरपालिकाको आन्तरिक राजश्व खाता नं. [२६०७०८९८१५००००१७८] मा दाखिला गरी सक्कल भौचर बुझाउनुपर्नेछ।
- बोलपत्र खरिद तथा पेश गर्ने मिति र समय: २०८३/०५/०९ दिउँसो १२:०० बजे सम्म।
- बोलपत्र खोलिने मिति र समय: २०८३/०५/०९ गते दिउँसो १:०० बजे।
- दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथि कबोल गर्नुपर्नेछ। सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रदातालाई स्वीकृत गरिनेछ।
- पेश गर्नुपर्ने कागजातहरू: कृषि सहकारी, कृषक समूह, निजी फर्म वा व्यवसायका कागजातहरू (PAN/VAT दर्ता, करचुक्ता आ.व. २०८१/०८२, व्यवसाय दर्ता नवीकरण समेत)।
- दरभाउपत्र फाराममा दरेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ। अङ्क र अक्षरको दरेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
- दरभाउपत्रदाताले आफूले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेक मानिनेछ।
- आ.व. २०८३/०८४ को समय व्यवस्थापन शुल्क संकलनको लागि सम्झौता भएको मिति देखि एक (१) वर्षसम्मको लागि हुनेछ।
- दरभाउपत्र स्वीकृति भई नियमानुसार सम्झौता भइसकेपछि कुनै किसिमको छुट माफी वा मिनाहा दिइने छैन।
- बोलपत्रदाताले ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको हानी नोक्सानी वा दुर्घटना भएमा सोको सम्पूर्ण जिम्मेवार स्वयं जवाफदेही हुनुपर्नेछ। चिस्यान केन्द्र (कोल्ड स्टोर) भवन नियमित व्यवस्थापन (पानी,विधुत, फोहोर, इन्टरनेट तथा अन्य) शुल्क र मर्मत सम्भारको काम स्वयं आफैले गर्नुपर्नेछ।
- रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।
- ठेक्का सम्बन्धी कुनै विषय बुझ्नु परेमा कार्यालय समयभित्र राजश्व शाखा, ९८४७२७७४८० मा सम्पर्क राख्न सकिनेछ।
- सम्झौता गर्दा मूल्य अभिवृद्धि कर सहितको कबोल अङ्कको ५० प्रतिशत वापतको नगद रकम यस नगरपालिकाको नाममा रहेको प्रभु बैंक आठविसकोट शाखामा रहेको राजश्व खातामा [२६०७०८९८१५००००१७८] मा दाखिला गर्ने र बाँकी ५० प्रतिशतले हुन आउने रकमको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको २२ महिना सम्म म्याद भएको बैंक जमानत राखी सम्झौता गरिनेछ।
- सूचनामा उल्लेख नभएका शर्तहरू प्रचलित कानून तथा आठविसकोट नगरपालिकाको निर्णय अनुसार हुनेछ।

२०८३/०५/०२

राजेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
सम्पर्क नं. ०८८-५१४००५
९८६०८९०५७४

**चिस्यान केन्द्र (कोल्ड स्टोर) को सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का बोलपत्र फाराम**

ठेक्काको न्यूनतम मूल्य रु. ६०,०००/- (साठ्ठी हजार मात्र) (भ्याट बाहेक)

बोलपत्रको विवरण

| सि.नं. | विवरण | कबोल अंक (भ्याट बाहेक) | कबोल रकम अक्षरमा (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | १० मेट्रिक टन क्षमताको तापीय उर्जा संचय र सौर्य ऊर्जा संयुक्त प्रविधि युक्त चिस्यान केन्द्र (कोल्ड स्टोर) को सञ्चालन तथा व्यवस्थापन | | | |
| | १३ प्रतिशत भ्याट रकम रु. | | | |
| | जम्मा रकम (भ्याट सहित) | | | |

**बोलपत्रदाताको विवरण**:

संस्थाको छाप:

निवेदकको दस्तखत:

नाम थर:

पद:

कृषि सहकारी/कृषक समूह/निजी फर्म/व्यक्तिको नाम:

कबोल अंक (भ्याट सहित) रु. .......................................

ठेगाना:

सम्पर्क नं.:

मिति:

कर/शुल्क संकलनको दररेट बोलपत्र फाराममा संलग्न गरिएको छ।

सतीश गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत


**E-mail:** aathbiskotmun073@gmail.com ito.aathbiskotmun@gmail.com